Shikhar Insurance
*Happysurance*

मिति : २०७६।४।८

च.नं.: ४९।२०७६।७७

नेपाल स्टक एक्सचेन्ज लि.
काठमाण्डौं ।

**विषय : जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७६।४।७ गते मंगलवार साँझ ४ बजे वसिएको २०८ औं बैठकले यस कम्पनीको वार्षिक साधारण सभा तथा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा निम्न वमोजिमको निर्णय भएको व्यहोरा जानकारी गराइन्छ ।

**निर्णय नं १**

कम्पनीको व्यवसायमा भइरहेको वृद्धि अनुसार कम्पनीले ठुला जोखिमहरु तथा ठुला सम्पत्तिहरुको वीमा गर्दा आफ्नो धारण क्षमताको विकास गर्न कम्पनीको नेटवर्थलाई थप वृद्धि गर्न आवश्यक भएको तथा कम्पनीको व्यवसायमा थप वृद्धि गर्नको लागि समेत कम्पनीको चुक्ता पुँजी वृद्धि गर्न आवश्यक भएको सम्वन्धमा बैठकमा छलफल भई कम्पनीको चुक्ता पुँजीको ३० प्रतिशतको दरले हकप्रद शेयर जारी गर्नको लागि कम्पनीको आगामी १४ औं वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.२**

कम्पनीको १४ औं वार्षिक साधारण सभा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गर्न मिति २०७६।०४।२८ गते मंगलबार बिहान ११ बजे कम्पनीको केन्द्रिय कार्यालय, शिखर बीज सेन्टर, थापाथलीमा गर्ने निर्णय गरियो ।

**सामान्य प्रस्तावः**

१. आ.व. २०७४।७५ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।
२. आ.व. २०७४।७५ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।
३. आ.व.२०७५।०७६ का लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।
४. कम्पनीको संस्थापक समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघि नै व्यतित भएको कारण कम्पनीको वार्षिक साधारण सभासम्मका लागि पदावधी थप गर्ने सम्वन्धमा संचालक समितिको निर्णय अनुमोदन गर्ने बारे ।
५. विविध ।

**विशेष प्रस्ताव**

१. वीमा समितिबाट जारी वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ वमोजिम कम्पनीको संचालक समितिको संख्या वढीमा ७ (सात) जना हुने व्यवस्था भएकाले सोही अनुसार कम्पनीको नियमावलीको नियम १२ संसोधन गरी संचालक समितिको संख्या ७ (सात) जना कायम गर्ने । जस अनुसार संचालक समितिमा समुहगत प्रतिनिधित्व देहाय वमोजिम हुने छ ।

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

Shikhar Insurance
*Happysurance*

क. संस्थापक समुह "क" को शेयरधनीवाट निर्वाचित......४ (चार) जना
ख. सर्वसाधारण शेयरधनी समुह "ख"..........................२ (दुई) जना
ग. स्वतन्त्र संचालक...............................................१ (एक) जना
उपरोक्त वमोजिमको संचालक समितिमा कम्तिमा १ (एक) जना महिला संचालक रहनेछ ।

२. कम्पनीको चुक्ता पूँजीको ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने तथा सोहि वमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने बारे ।

३. संचालक समितिको निर्णय वमोजिमको चन्दा तथा समाजिक उत्तरदायित्व अन्तर्गत गरेका खर्चहरुलाई अनुमोदन गर्ने बारे ।

४. नियमनकारी निकाय बीमा समितिबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका , २०७६ बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लागायत गाभ्न/गाभिन वा प्राप्ति गर्न आवश्यक सम्पुर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

५. प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न समेत संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

६. संस्थापक समुह "क" का शेयरधनिवाट निर्वाचित हुने ४ (चार) संचालकका लागि बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को अधिनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्वन्धी निर्देशिका २०६३ बमोजिम निर्वाचन गर्ने बारे।

**निर्णय नं २.४**

कम्पनीको चौधौं वार्षिक साधारण सभाको लागि २०७६।४।१५ देखि साधारणसभा सम्मको लागि कम्पनीको शेयर दाखिल खारेज बन्द गर्ने निर्णय गरियो ।

भवदिय

सुरज राजवाहक
कम्पनी सचिव

**शिखर इन्स्योरेन्स कम्पनी लि.**
**केन्द्रीय कार्यालय:** शिखर बिज सेण्टर, थापाथली, पोष्ट बक्स नं. १०६९२, काठमाडौं, नेपाल
फोन नं. ०१-४२४६१०१, ४२४६१०२, फ्याक्स: ९७७-१-४२४६१०३
E-mail: shikharins@mos.com.np, Web: www.shikharinsurance.com